"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लि. को प्रतिबद्धता"

# नेपाल आयल निगम लिमिटेड

(नेपाल सरकारको स्वामित्व प्राप्त)

मिति : २०७८।११।१७

निगमले पछिल्लो पटक मिति २०७८।११।०७ मा मूल्य समायोजन गरेपश्चात् रुस र युक्रेन बीचको तनाव समेतका कारणबाट अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य थप बृद्धि भई उच्चतम विन्दुमा रही कच्चा तेलको मूल्य झण्डै अमेरिकी डलर ९५ देखि १०५ प्रति ब्यारेलसम्म पुगिसकेको अवस्थामा ईण्डियन आयल कर्पोरेशनबाट यसअघि फेब्रुअरी १६, २०२२ (फागुन ४, २०७८) मा प्राप्त मूल्य भन्दा आज मार्च १, २०२२ (फाल्गुन १७, २०७८) मा प्राप्त नयाँ मूल्य अनुसार प्रति लिटर पेट्रोल रु. ३।८९ ले बढेको, डिजेल रु. ३।०८ ले बढेको, मट्टितेल रु. १०।३० ले बढेको, हवाई इन्धन रू. ३।३२ ले बढेको र एल. पि. ग्यास प्रति सिलिण्डर रु. ९९.१७ ले बढेर आएको हुँदा निगमलाई आगामी १५ दिनमा करीब रू. ३ अर्ब ९ करोड घाटा हुने स्थिति देखिएको छ ।

यस नयाँ मूल्य सूची अनुसार काठमाडौंको विक्री बिन्दूसम्मको पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन तथा एल.पी.ग्यासको खरीद लागत मूल्य, विक्री मूल्य तथा नाफा/घाटा निम्न बमोजिम रहेको छः-

| सि.नं. | पदार्थ | खरीद लागत (रू. प्रति लिटर) | विद्यमान विक्री मूल्य (रू. प्रति लिटर) | नाफा/घाटा (रू. प्रति लिटर) | १५ दिनको नाफा/घाटा (रू. करोडमा) |
|---|---|---|---|---|---|
| १ | पेट्रोल | १६५।५२ | १४५।०० | -२०।५२ | -६७.५४ |
| २ | डिजेल | १४४।०८ | १२८।०० | -१६।०८ | -१३९.७१ |
| ३ | मट्टितेल | ११३।३१ | १२८।०० | १४।६९ | १.१३ |
| ४ | हवाई इन्धन (आन्तरिकतर्फ) | १११।५९ | १२६।०० | १४।४१ | ४.०० |
| ५ | हवाई इन्धन (बाह्यतर्फ) | ९५।२६ | $ ११।९५ | ४८।४४ | १९.३७ |
| ६ | एल. पि. ग्यास (प्रति सिलिण्डर) | २,२४०।३४ | १,५७५।०० | -६६५।३४ | -१२६.३७ |
| | | | १५ दिनको (पाक्षिक) अनुमानित जम्मा घाटा (रू. करोडमा) | | -३०९.१२ |

चालू आर्थिक वर्ष २०७८/७९ को हालसम्म निगमले करीब रू. २८ अर्ब नोक्सानी व्यहोरी सकेको छ । पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज बनाइ राख्न पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली कार्यान्वयन कार्यविधि, २०७१ बमोजिम सानो अंशले मूल्य समायोजन गर्दा अब प्रति महिना करीब रू. ६ अर्ब भन्दा बढी नोक्सानी हुने स्थिति रही सो बराबरको रकम ऋण लिनुपर्ने वाध्यात्मक अवस्था सृजना भएको छ।

निगमको सञ्चिती रकम र अन्य दायित्व रकमहरू सबै पेट्रोलियम पदार्थको खरिदमा सकिए पछि निगमले नेपाल सरकार मातहतमा रहेको मूल्य स्थिरीकरण कोष तथा ईन्धन बिक्रीबाट प्राप्त रकम संकलन गरी ईण्डियन आयल कर्पोरेशनलाई पेट्रोलियम पदार्थ खरिद वापतको रकम भुक्तानी गरिरहेको छ । निगमको प्रशासकिय तथा सञ्चालन खर्च जम्मा प्रति लिटर ६० पैसा मात्र रहेको तथा हाल निगमको विकास निर्माणका नयाँ कामहरु सबै स्थगित गर्ने सोचमा रहेको निगमले पेट्रोलियम पदार्थ खरिद वापत आवश्यक पर्ने रकम जुटाइ आपूर्ति व्यवस्था सहज बनाइ राख्न आगामी दिनहरूमा निगमलाई अत्यन्त कठिन हुने देखिन्छ।

हाल भारतको सिमावर्ती बजार रक्सौल र नेपालको विरगंज क्षेत्रको खुद्रा विक्री मूल्यमा फरक (प्रति लिटर) निम्नबमोजिम रहेको व्यहोरा यसै विज्ञप्ति मार्फत् जानकारी गराईन्छ ।

| सीमा मूल्य अन्तर विवरण | पेट्रोल (प्रति लिटर) | डिजेल (प्रति लिटर) | हवाई इन्धन आन्तरिकतर्फ * (प्रति लिटर) | एल. पि. ग्यास (प्रति सिलिण्डर) |
|---|---|---|---|---|
| भारतको रक्सौलमा कायम रहेको खुद्रा बिक्रि मूल्य (ने.रु.) | १७२।७४ | १४८।८१ | १५६।७९ | १,६०५।६५ |
| नेपालको विरगंजमा कायम रहेको खुद्रा बिक्रि मूल्य (ने.रु.) | १४३।५० | १२६।५० | १२६।०० | १,५५५।०० |
| जम्मा नेपालमा सस्तो (ने.रु.) | -२९।२४ | -२२।३१ | -३०.७९ | -५०।६५ |

* हवाई इन्धनको मूल्य भारतको कलकत्तासंग तुलना गरिएको छ।

धन्यवाद् ।

(पुस्कर कार्की)
सह-प्रवक्ता

केन्द्रीय कार्यालय : बबरमहल, काठमाडौं, पोष्ट बक्स नं. ११४०, फोन नं : ४२६२७८०, ४२६३४८१, ४२६३४८२, ४२६३४८५, ४२६४६००
फ्याक्स : (९७७-१) ४२६३४९९, ४२६२६४५, E-mail: info@nepaloil.com.np, Url : www.nepaloil.com.np